**आकाशवाणी समाचार- नेपाली**
**मितिः २४ मई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- विदेश मंत्री डॉ. एस. जयशंकर आज नयाँ दिल्लीको हैदराबाद हाउसमा अमरीकाका विदेश मंत्री मार्को रूबियो सित द्विपक्षीय बैठक गर्नुहुनेछ।

- सरकारले **विकसित भारत-जी राम जी** अधिनियम, 2025 अन्तर्गत व्यापक जन परामर्शको लागि मसौदा नियम प्रकाशित गरेको छ।

- पश्चिम बंगालमा आयुष्मान भारत योजना यसै वर्ष जुलाई देखि शुरू हुनेछ। मुख्यमंत्री शुभेंदु अधिकारीली केंद्रीय स्वास्थ्य मंत्री जगत प्रकाश नड्डासित एक वर्चुअल बैठक पछि हिज कोलकातामा यो घोषणा गर्नुभयो।

- अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपली भन्नुभएको छ कि इस्राएलसित बातचीत पछि ईरानसित एक समझौता माथि धैरै हद सम्म सहमति बनिसकेको छ।

- मौसम विभागले दिल्ली, हरियाणा, चंडीगढ़, पूर्वी मध्य प्रदेश, पूर्वी उत्तर प्रदेश अनि विदर्भको केहि क्षेत्रहरुमा आज लू चल्ने अनुमान व्यक्त गरेको छ।

**<u>जयशंकर-रूबियो मुलाकात</u>**

विदेश मंत्री डॉ. एस. जयशंकर आज नयाँ दिल्लीको हैदराबाद हाउसमा अमरीकाका विदेश मंत्री मार्को रूबियो सित द्विपक्षीय बैठक गर्नुहुनेछ। उहाहरुले क्षेत्रीय अनि वैश्विक शांति अनि सुरक्षासित सम्बन्धित मुद्दाहरु सहित अन्य विषयहरु माथि चर्चा गर्नेछन्।
विदेश मंत्री रूबियो हिज क्वाड विदेश मंत्रिहरुको बैठकमा सामेल हुनको लागि दिनको यात्रामा भारत आइपुग्नुभएको छ। श्री रूबियोले हिज प्रधानमंत्री नरेंद्र मोदीसित भेट गर्नुभयो अनि उहालाई रक्षा, रणनीतिक प्रौद्योगिकी, व्यापार अनि निवेश तथा ऊर्जा सुरक्षा सहित विभिन्न क्षेत्रहरुमा द्विपक्षीय सहयोगमा भैरहेको प्रगति बारे जानकारी दिनुभयो। श्री मोदीले भन्नुभयो कि भारत अनि अमरीका वैश्विक कल्याणको लागि मिलेर काम गरिरहने छ। विदेश मंत्री रूबियोले पश्चिम एशियाको स्थिति सहित विभिन्न क्षेत्रीय अनि वैश्विक मुद्दाहरु माथि अमरीकी दृष्टिकोण साझा गर्नुभयो।

**<u>जी-राम जी प्रारूप</u>**

सरकारले **विकसित भारत-जी राम जी** अधिनियम, 2025 अन्तर्गत व्यापक जन परामर्शको लागि मसौदा नियम प्रकाशित गरेको छ। ग्रामीण विकास मंत्रालयले भनेको छ कोहि पनि व्यक्ति, हितधारक, संगठन वा संस्थाले 21 जुलाई सम्म मसौदा नियमहरुमाथि आपत्ति वा सुझाव प्रस्तुत गर्न सक्नेछन्।

**<u>जेपी नड्डा - राष्ट्रीय चिकित्सा विज्ञान बोर्ड दीक्षांत समारोह</u>**

स्वास्थ्य अनि परिवार कल्याण मंत्री जगत प्रकाश नड्डाली भन्नुभएको छ कि स्वास्थ्य सेवा अवसंरचना सितै स्वास्थ्य विशेषज्ञहरु अनि चिकित्सा पेशावरहरुको प्रशिक्षण पनि धैरै महत्वपूर्ण छ। उहाले हिज नयाँ दिल्लीमा राष्ट्रीय चिकित्सा विज्ञान

बोर्डको 23औ दीक्षांत समारोहलाई संबोधित गर्दै हुनुहुन्थ्यो। श्री नड्डाले भन्नुभयो - चिकित्सक स्वास्थ्य, सेवा प्रणालीको **सॉफ्टवेयर** हो , जबकि अवसंरचना अनि अन्य सुविधाहरु राष्ट्रको **हार्डवेयर** हो। स्वास्थ्य मंत्रीले भन्नुभयो कि युवा चिकित्सकहरुको विशेषज्ञता, नवाचार अनि प्रतिबद्धता देशको स्वास्थ्य संबंधी चुनौतिहरुको समाधान गर्ने अनि देश भरिमै स्वास्थ्य सेवा प्रणालिहरुलाई बलियो बनाउनमा महत्वपूर्ण भूमिका निभाउने छ। उहाले भन्नुभयो - स्वास्थ्य क्षेत्र अनि स्वस्थ भारतको परिकल्पनाले विकसित भारतको लक्ष्य प्राप्त गर्नमा प्रमुख भूमिका निभाउने छ।राष्ट्रीय चिकित्सा विज्ञान बोर्डको बारेमा श्री नड्डाली भन्नुभयो कि संस्थानले एक बलियो ब्रांड बनाएको छ। यसले स्वास्थ्य सेवामा पेशेवर दक्षता, अनि विश्वसनीयताको प्रतिनिधित्व गर्दछ। रोगिहरुको देखभाललाई बलियो बनाउनको लागि 11 नयाँ पाठ्यक्रम शुरू गरिएको उहाले बताउनुभयो।समारोहमा 26 हजार 396 उम्मीदवारहरुलाई राष्ट्रीय बोर्डको डिप्लोमा अनि डॉक्टरेटको उपाधिहरु तथा फेलोशिप प्रदान गरियो।

## आयुष्मान भारत - पश्चिम बंगाल

पश्चिम बंगालमा आयुष्मान भारत योजना यसै वर्ष जुलाई देखि शुरू हुनेछ। मुख्यमंत्री शुभेंदु अधिकारीली केंद्रीय स्वास्थ्य मंत्री जगत प्रकाश नड्डासित एक वर्चुअल बैठक पछि हिज कोलकातामा यो घोषणा गर्नुभयो। राज्यको स्वास्थ्य योजना **'स्वास्थ्य साथी'** अंतर्गत बर्तमानमा रहेका लाभार्थिहरुलाई आयुष्मान भारत योजनामा सामेल गरिनेछ। आयुष्मान भारत आरोग्य मंदिरको सम्बन्धमा आगामी महिना सहमति पत्र माथि नयाँ दिल्लीमा हस्ताक्षर गरिनेछ। श्री शुभेंदु अधिकारीले भन्नुभयो कि पश्चिम बंगालमा प्रधानमंत्री जन औषधि केन्द्रहरुको संख्या बर्तमानमा रहेको 117 देखि बढ़ाएर 469 गर्ने सम्बन्धमा केंद्र सरकारलाई एउटा प्रस्ताव पठाईएको छ।मुख्यमंत्रीले अलीपुरद्वार, कालेबुंग अनि दक्षिण दिनाजपुर जिल्लाहरुमा नयाँ मेडिकल कॉलेज खोल्ने अनि उत्तर बंगालको लागि एउटा नयाँ **एम्स** को प्रस्ताव पनि केंद्र सरकारलाई पठाईने छ।

## अनिवार्य घोषणा - आकाशवाणी पर 'पीपल्स पद्म'

राष्ट्रपति द्रौपदी मुर्मुले भोली सोमवार नागरिक अलंकरण समारोहमा वर्ष 2026 को लागि पद्म पुरस्कार प्रदान गर्नुहुनेछ। यस अवसरमा **आकाशवाणी से पीपल्स पद्म** श्रंखला अन्तर्गत 16 वटा कार्यक्रम प्रस्तुत गरिनेछ। यस श्रंखलामा पद्म पुरस्कार विजेताहरुको कार्य अनि जीवनको बारे जानकारी दिईनेछ। यसको प्रसारण भोली आकाशवाणी गोल्डमा गरिनेछ। यसलाई **न्यूज ऑन एआईआर ऐप** अनि **न्यूज ऑन एआईआर ऑफिशियल यू ट्यूब** चैनलमा पनि सुन्न सकिनेछ। श्रोताहरुलाई आज अनि भोली बिहान 9 बजेर 10 मिनट देखि आकाशवाणीसित जोडीरहने अनुरोध गरिएको छ।

## टीसीएस धर्मांतरण मामला

महाराष्ट्रको नाशिक अदालतमा विशेष जांच दलले टीसीएस कंपनीको एक केंद्रसित सम्बन्धित यौन उत्पीड़न अनि धर्मांतरण मामलामा एक हजार पांच सय पन्नाको अभियोग पत्र दर्ता गरेको छ। जांच दलका प्रमुख संदीप मिटकेली बताए अनुसार हिज चार आरोपिहरु - मतीन पटेल, निदा खान, दानिश शेख अनि तौसीफ अत्तर बिरुद्ध अभियोग पत्र दर्ता गरेको छ। उहाले भन्नुभयो – यस मामलामा आगामी केही दिनमा अन्य सात-आठ जना आरोपिहरु बिरुद्ध अतिरिक्त आरोप पत्र दर्ता हुने संभावना छ। पुलिसले बताया अनुसार यस मामलामा पहिलो मामला गत 25 मार्चमा देवलाली कैंप पुलिस थानामा दर्ता गरिएको थियो। निदा खान बिरुद्ध दुई वटा मामला अनि अन्य आरोपिहरु बिरुद्ध छ देखि नौ वटा मामला दर्ता गरिएको छ।

## मेघालय – आकाशवाणीको 90 वर्ष

मेघालयमा लोक सेवा प्रसारकको रूपमा आकाशवाणीको 90 वर्ष पुरा भएको उपलक्ष्यमा शिलांगको राज्य सम्मेलन कक्षमा हिज संगीत संध्याको आयोजन गरियो। आकाशवाणी शिलांग र आकाशवाणी पूर्वोत्तर सेवाद्वारा संयुक्त रूपमा आयोजित यस कार्यक्रममा मेघालयका प्रमुख कलाकारहरु र बैंडहरुले प्रस्तुति दिएका थिए।कार्यक्रमका मुख्य अतिथि मेघालयका प्रधान सचिव फ्रेडरिक रॉय खारकोंगोरले आकाशवाणीको भूमिकालाई उल्लेख गर्नुहुदै भन्नुभयो कि यो एक महत्वपूर्ण उपलब्धि हो। आकाशवाणीको प्रसारण देशको 90 प्रतिशतभन्दा अधिक भौगोलिक क्षेत्रमा हुदछ। उहाँले भन्नु भयो कि प्रसारण, प्रिंट, इलेक्ट्रॉनिक मीडिया र ऑनलाइन मीडियाका अनेकौ विकल्पहरु भएता पनि आकाशवाणीको विश्वसनीय र दिगो खबरहरुमा अधिक भरोसा गरिन्छ।प्रधान सचिवले उदीयमान प्रतिभा र

संगीतकारहरूका लागि मञ्च तयार गर्ने श्रेय आकाशवाणी र दूरदर्शनलाई दिए।

**ट्रंप-ईरान**

अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपली भन्नुभएको छ कि इस्राएलसित बातचीत पछि ईरानसित एक समझौता माथि धेरै हद सम्म सहमति बनिसकेको छ । उहाले समझौतामा होर्मुज जलडमरूमध्य खोल्ने बिषय पनि सामेल रहेको बताउनुभएको छ । श्री ट्रंपली भन्नुभयो कि समझौताको अंतिम पक्षहरु अनि विवरणहरु माथि चर्चा जारी छ अनि चाडैनै यसको घोषणा गरिनेछ तर उहाले समझौताको समय-सीमा बारे कुनै स्पष्ट जानकारी दिनुभएन । राष्ट्रपति ट्रंपली भन्नुभयो कि समझौता बारे इस्राएलसित सऊदी अरब, संयुक्त अरब अमीरात, कतर, पाकिस्तान, तुर्किए, मिस्र, जॉर्डन अनि बहरीनसित कुरा गरिएको छ ।ईरानी विदेश मंत्रालयका प्रवक्ता इस्माइल बाक़ाईले यस भन्दा पुर्व अमरीकिहरु माथि विरोधाभासी बयान दिएको आरोप लगाउनु भयो । ईरानमा गत आठ अप्रैलमा युद्धविराम माथि सहमति बनेको थियो अनि त्येस पछि अहिले सम्म अमरीका अनि ईरान बीच दीर्घकालिक शांति समझौताको लागि बातचीत जारी छ ।अमरीकाले ईरानको बंदरगाहहरुको नाकाबंदी गरे पछि ईरानली होर्मुज जलडमरूमध्यलाई बंद गरिदिएको छ ।

**अमरीका - व्हाइट हाउस गोलीबारी**

अमरीकामा व्हाइट हाउस नजिक गोलीबारीको घटना भएको छ । घटना पछि सुरक्षा एजेंसिहरुले इलाकालाई घेरेर हाईअलर्ट जारी गरेको छ । यसै बीच सीक्रेट सर्विसले घटना स्थलको नजिकबाट एक संदिग्ध व्यक्तिमाथि गोली चलाएको छ । यस अवधि एक नागरिक पनि गोली लाग्दा घाइते भएका छन् ।सीक्रेट सर्विसले 17औ स्ट्रीट अनि पेनसिल्वेनिया एवेन्यू नजिक गोली चलेको खबर प्राप्त भएको बताएको छ । एजेंसीले बताए अनुसार घटनास्थलमा उपस्थित अधिकारिहरुसित मिलेर घटनाको पुष्टि गर्रिंदैछ । घटनाको समय अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंप व्हाइट हाउसमा उपस्थित हुनुहुन्थ्यो ।एफबीआई निदेशक काश पटेलले भन्नुभयो कि कानून प्रवर्तन एजेंसिहरुले व्हाइट हाउस परिसर नजिक भएको गोलीबारीको घटना माथि कार्रवाही गरिरहेको छ ।

**मौसम**

मौसम विभागले दिल्ली, हरियाणा, चंडीगढ़, पूर्वी मध्य प्रदेश, पूर्वी उत्तर प्रदेश अनि विदर्भको केहि क्षेत्रहरुमा आज लू चल्ने अनुमान व्यक्त गरेको छ । बिहार, छत्तीसगढ़, झारखंड, ओडिशा, पंजाब, राजस्थान, तेलंगाना, पश्चिमी मध्य प्रदेश अनि पश्चिमी उत्तर प्रदेशको केहि स्थानहरुमा यस्तै मौसम रहनेछ । आंध्र प्रदेशको तटीय भाग, गंगा नजिक रहेको पश्चिम बंगाल क्षेत्र अनि ओडिशामा दिउसो मौसम गरम अनि उष्णता पूर्ण रहनेछ । तेलंगाना, उत्तर प्रदेश अनि विदर्भको केहि स्थानहरुमा राती पनि गर्मी रहने संभावना छ ।

**क्रिकेट- आई.पी.एल**

आईपीएल क्रिकेटमा , लखनऊमा खेलिएको मैच मा हिज पंजाब किंग्सले लखनऊ सुपर जायंट्सलाई 7 विकेटले पराजित गरेको छ । मुंबई इंडियंसको भिडन्त राजस्थान रॉयल्ससंग मुंबईको वानखेड़े स्टेडियममा अपरान्ह तीन बजेर तीस मिनट देखि शुरु हुनेछ । दोस्रो मैच कोलकाता नाइट राइडर्स र दिल्ली कैपिटल्स बीच हुनेछ । यो मैच कोलकाताको ईडन गार्डन्समा साँझ सात बजेर तीस मिनट देखि शुरू हुनेछ ।